# अख्तियार दुरुपयोग अनुसन्धान आयोग
## टंगाल, काठमाडौं

मिति: २०७६।०८।१५ गते

# प्रेस विज्ञप्ति

**विषय: आरोपपत्र दायर गरिएको ।**

जिल्ला बारा, आदर्शकोतवाल गाउँपालिका वडा नं. ६ का वडा सचिव रामएकवाल प्रसाद यादव र कार्यालय सहयोगी दिनेश हजरासमेतले वृद्ध भत्ता तथा विधवा भत्तासमेत वितरण गरेवापत प्रत्येक व्यक्तिसँग घुस रकम लिइरहेको भन्ने व्यहोराको उजुरी उपर अनुसन्धान हुँदा आदर्शकोतवाल गाउँपालिका वडा नं. ६ का वडा सचिव रामएकवाल प्रसाद यादव र कार्यालय सहयोगी दिनेश हजराले सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने लाभग्राहीहरुबाट लिएको रकम निजहरुले घुस/रिसवत लिने मनसाय राखी वडा सचिव रामएकवाल प्रसाद यादवले रकम उठाउन लगाएको तथा कार्यालय सहयोगी दिनेश हजराले वडा सचिवको निर्देशनबमोजिम रकम उठाएको तथ्य सप्रमाण पुष्टि हुन आएकोमा राज्यले असहाय तथा असक्त नागरिकहरुलाई संरक्षणको लागि सामाजिक सुरक्षामार्फत उपलब्ध गराएको रकमबाट कानूनविपरीत रकम लिन मन्जुर गरेको देखिएकोमा निजहरुको उक्त कार्य भ्रष्टाचार निवारण ऐन २०५९ को दफा ३ को उपदफा (१) को कसुर अपराध गरेको देखिंदा बिगो रु.१२,६४८।- (बाह्र हजार छ सय अठ्चालीस) कायम गरी निजहरुलाई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (१) र दफा ३ को उपदफा (१) को खण्ड (क) बमोजिम सजाय गरी बरामद भएको विगो रकम सोही ऐनको दफा ३ को उपदफा (१) बमोजिम जफत हुन समेत मागदावी लिई आज विशेष अदालत, काठमाडौंमा मुद्दा दायर गरेको छ।

प्रवक्ता
प्रदीपकुमार कोइराला